# टोखा नगरपालिकाको तेश्रो नगरसभामा नगरप्रमुख श्री प्रकाश अधिकारीद्धारा प्रस्तुत आ.व २०७५/७६ को नीति तथा कार्यक्रम –

सम्माननीय उप-प्रधान तथा रक्षामन्त्री श्री ईश्वर पोखरेलज्यू
संघीय व्यवस्थापीका संसदका सदस्य माननीय भीमसेनदास प्रधानज्यू
३ नं.प्रदेशका आर्थिक योजना तथा भौतिक पुर्वाधार मन्त्री माननीय केशव स्थापितज्यू
३ नं प्रदेशका माननीय संसदज्यूहरु
नगरसभा सदस्यहरुज्यूहरु, स्थानीय राजनैतिक दलका प्रमुख एंव प्रतिनिधिज्यूहरु
वुद्धिजीवि वर्ग, नगरपालिकाका सम्पुर्ण कर्मचारीहरु
एवं तमाम नगरवासी आमावुवा,दाजुभाई तथा दिदीवहिनीहरु

सर्वप्रथमतः यस महत्वपूर्ण घडीमा देशका विभिन्न लोकतान्त्रिक आन्दोलनमा आफ्नो जीवन वलिदान गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

नेपाल सरकारको मिति २०७१ मंसिर १६ को निर्णयानुसार साविकमा ५ वटा गाउँ विकास समिति ( झोरमहाँकाल, टोखा चण्डेश्वरी, टोखा सरस्वती , धापासी र गोगंवुँ) हरुलाई मिलाएर ऐतिहासिक टोखा नगरपालिकाको गठन भएको हो । १६.०९ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस नगरपालिकामा जम्मा घरधुरी संख्या २५५६१ रहेको र एक लाख भन्दा वढी जनासंख्याको वसोवास रहेको छ । संघीय संरचना कार्यान्वयन गर्ने क्रममा नेपाल सरकारको मिति २०७३ चैत्र २७ गतेको निर्णयानुसार टोखा नगरपालिका स्थानीय तहको रुपमा गठन भई स्थानीय सरकारका रुपमा रहेकोले संविधानले प्रदान गरेको अधिकारको सीमाभित्र रही कर लगाउन र उठाउन, कानून निर्माण गर्न र आफैले छनौट गरेको विकास गर्न अधिकार सम्पन्न छौं । नगरका सवै काम कारवाहीहरु नयाँ सोच र योजनाका साथ व्यवस्थित गर्ने दृष्टिकोणका साथ यो नगरसभा सवैभन्दा महत्वपूर्ण संरचना भएको व्यहोरा समेत स्मरण गराउन चाहान्छु ।

२०७४ वैशाख ३१ गते प्रथम ऐतिहासिक स्थानीय तहको निर्वाचनवाट तमाम नगरवासी आमाबुवा,दाजुभाइ तथा दिदीवहिनीहरुको अपार माया ममता हामीले प्राप्त गरेका छौं । हामीलाई सयमले सुम्पिएको साझा अभिभारा र कर्तव्य पुरा गर्नको लागि नेपालको सविधानले स्पष्ट रुपमा स्थानीय तहका काम, कर्तव्य र अधिकारको व्यवस्था गरेको छ । जननिर्वाचित प्रथम नगर प्रमुखको हैसियतवाट तेश्रो नगरसभा आ.व २०७५/७६ को वार्षिक नीति, कार्यक्रम तथा वजेट निर्माण तथा कार्यान्वयन गर्ने विशिष्ट जिम्मेवारी प्राप्त भएकोमा सवै नगरवासी प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

नगरवासीहरुले हामीलाई निर्वाचित गरी पठाएको १३ महिना पुरा भएको छ। यस वीचमा हामीले एक आर्थिक वर्ष पार गरेका छौं । निर्वाचित भएको यस अवधिमा हामीले नगरपालिकालाई नयाँ गोरेटोमा डोहोर्याउने प्रयास गरेका छौं । पूर्वाधार निर्माणका क्षेत्रमा धेरै ठाउँमा ढल निर्माणका कार्यहरु ,सडकको स्तरोन्नती, खानेपानीका पाईप विछ्याउने लगायतका कार्य भएका छन् । वौडेश्वर गुरुयोजना निर्माण,नगरप्रोफाईल निर्माणको शुरुवात, टोखाको सांस्कृतिक गुरुयोजना निर्माणको शुरुवात गरेका छौं भने नगरपालिकालाई स्थानीय सरकारका रुपमा प्रभावकारी ढंगले संचालन गर्नका लागि न्यायिक समितिले उजुरीको कार्वाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि ऐन, नगर शिक्षा ऐन लगायत २० भन्दा वढी ऐन,नियम, कार्यविधि, निर्देशिकहरु निर्माण गरी कार्यान्वयनमा ल्याएका छौं ।

काठमाडौं उपत्यकाको महत्वपूर्ण स्थानमा अवस्थित यस नगरपालिकाका धेरै अवसरहरु रहेका छन् । उत्तरी क्षेत्रमा काठमाडौं-केरुङ्ग राजमार्गको प्रवेशद्धार, दक्षिणी सिमानामा मुलुककै ठूलो नयाँ वसपार्क, चण्डेश्वरी सपनतीर्थ, वौडेश्वर, जलेश्वर, वसुन्धरादेवी, कृष्णमन्दिर, मनोहरतीर्थ,महेन्द्रेश्वर, जालुपा, वीचविनायक लगायतका धार्मिक पर्यटकीय क्षेत्रहरु ऐतिहासिक समयदेखिकै प्रसिद्ध टोखाको चाकु, शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, गोगंवु र धापासी ईलाकाको व्यापारिक, आवासीय क्षेत्रहरुले सिर्जना गरेका सम्भावना आदिलाई व्यवस्थित गर्न सकेमा हामी नमूना नगर वन्ने तर्फ नजिक हुनेछौं ।

नगरपालिका संचालनको दोश्रो वर्षमा प्रवेश गर्दैगर्दा  हामीले अनुभव गरेका अनेकौ समस्याहरुको अझै पनी निराकरण गर्न नसकिएको अवस्था रहेको छ । कार्यालयको दैनिक काम कारवाही संचालन गर्न सेवाग्राहीमैत्री  भवन नहुदाँ  अत्यन्त समस्या भएको छ । एउटै साँगुरो कोठामा ३/४ जना सम्म कर्मचारी बसेर काम गर्नुपर्ने अवस्था छ । एउटै छानोमुनी रहेर सेवा प्रवाह गर्नुपर्ने विभिन्न विषयगत शाखाहरु अन्यत्रै रही सेवा प्रवाह गर्नु पर्ने भएको छ । प्रत्येक वडामा सव-ईन्जिनियरको दरवन्दी भएतापनी पर्याप्त प्राविधिक जनशक्तिको अभावले सोचे अनुरुप सेवा प्रवाहमा गर्न सकिएको छैन । सार्वजनिक तथा पर्ती जग्गाको वढ्दो अतिक्रमणलाई रोक्न नसक्दा,  तिनको संरक्षणमा  कठिनाई भएकोछ । नगरभित्र रहेका करदाताहरुको उपर्युत्त पहिचान हुन नसक्दा करछलि गर्ने प्रवृत्ति वढेकोछ । यी  समस्याहरुलाई चिर्दै आगामी आ.व. देखि उल्लिखित  समस्याको सम्वोधन गर्ने गरी कार्य संचालन गर्नको लागि नेपालको संविधानको भाग ४ मा उल्लेखित राज्यको निर्देशक सिद्धान्त तथा नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्यप्रणाली, अनुसूची-८ वमोजिमका स्थानीय तहको अधिकारको सूचि , अनुसूची -९ वमोजिमको संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार  संचालन ऐन-२०७४, राजस्व परामर्श समितिको प्रतिवेदन, श्रोत तथा वजेट सीमा निर्धारण समितिको श्रोतअनुमान र प्राथमिकता एवं संघ र प्रदेश सरकारका नीति निर्देशन तथा कानूनहरुलाई मनन् गर्दै सहभागितामूलक योजना तर्जुमाका ७ वटै चरण अन्तर्गतका प्रकृया पुरा गरी टोल वस्तीका नगरवासीहरु देखि लिएर विभिन्न विषयका  वौद्धिक व्यक्तित्व लगायत सवै सरोकारवालाहरु एंव माननीय संसादज्यूहरु , राजनैतिक दलका प्रमुख एंव प्रतिनिधिज्यूहरु लगायत जनप्रतिनिधिहरुको घनिभूत छलफलका आधारमा  निम्न नीति तथा कार्यक्रम पेश गरेको छु ।

**आगामी आ.व २०७५/७६ को लागि तय गरिएका मुख्य नीति तथा कार्यक्रमहरु :-**

## १. आर्थिक विकास–

**क. कृषि तथा पशु सेवा**

१. कृषि पेशालाई सम्मानित पेशाका रुपमा विकास गर्न **मेयर उत्कृष्ठ कृषक सम्मान कार्यक्रम** संचालन गरिने छ ।

२. व्यावसायिक कृषि उत्पादनलाई प्रवर्द्धन गर्दै उत्पादित कृषिजन्य उत्पादनलाई उचित वजार व्यवस्थापनको लागि आवश्यक पहल गरिनेछ ।

३. करेसाबारी र कौसी खेतीलाई प्रबर्दन गर्न अभिमुखिकरण तथा तालिमको व्यवस्था गरिनेछ ।

४. यस नगरपालिकामा रहेको कृषि उर्वरभूमिलाई कृषि हवका रुपमा विकास गर्न आवश्यक कार्यक्रम बनाईने छ ।

५. सामुहिक तथा सहकारी खेतीलाई प्रोत्साहन गर्ने नीति लिईनेछ ।

६. किसानलाई पोल्ट्री, डेरी, च्याउ खेति, तरकारी खेती र मह लगायतका उत्पादनका क्षेत्रमा लाग्न प्रोत्साहन गरिनेछ ।

७. परापूर्व कालदेखि नै चाकुको लागि प्रख्यात यस टोखा नगरपालिकाको वडा नं. १, २ र ३ को पहिचानलाई जीवन्त राख्नको लागि उखु खेती गर्न किसानलाई प्रोत्साहन गरिने छ ।

८. कृषकहरुको क्षमता अभिवृद्धि, प्राविधिक सेवा र जनचेतना मुलक कार्यक्रमको लागि आवश्यक प्रवन्ध मिलाईनेछ ।

९. कृषि उत्पादन वृद्धिको लागि सम्वन्धित निकायसंगको सहकार्यमा कृषकहरुलाई उचित तालिम तथा अनुदान एबं उन्नतविउ विजन उपकरण लगायतका सामाग्रीहरु उपलव्ध गराउन पहल गरिनेछ।

१०. वडा नं. १, २ र ३ लाई कृषि उत्पादनको पकेट क्षेत्रको रुपमा विकास गरिनेछ ।

११. कृषि तथा पशुजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रणको लागि उच्च सतर्कता अपनाईनेछ ।

१२. बाली तथा पशु वीमा र कृषि कर्जा सहजीकरणको लागि आवश्यक समन्वय गरिनेछ ।

१३. ब्यबसायिक पशु तथा कृषि फर्मको वर्गीकरण गरि सोहि बमोजिम अनुदानको व्यवस्था गरिनेछ।

१४. नगरपालिकामा रहेको कृषि तथा पशु सेवा शाखालाई थप व्यवस्थित तथा समय सापेक्ष बनाईने छ । कृषकहरुले नगरपालिकाको कृषि तथा पशु सेवा शाखाबाट प्रविधि र सीपको व्यावहारिक ज्ञान सहजताका साथ प्राप्त गर्ने व्यवस्था मिलाईनेछ ।

१५. पशु नश्ल सुधार पद्धतीको विकास तथा व्यवस्थापनको लागि आधुनिक प्रविधिको उपयोग गरिनेछ ।

१६. प्रत्येक चौपायाहरुलाई ट्याग लगाई चौपाया छाडा छोड्ने प्रवृतिलाई दण्डनीय बनाईनेछ ।

१७. नगरस्तरमा पशुपंक्षी सम्बन्धी तथ्याङ्क संकलन, व्यवस्थापन र सूचना प्रणालीको विकास गरिनेछ ।

१८. ब्यबसायिक पशुपालकहरुको लागि ब्यबसायिक फर्म सुद्रिधिकरण गर्न आवश्यक पर्ने अनुदान सहयोग उपलब्ध गराईनेछ। नगरपालिकामा आफ्नो फर्म दर्ता तथा अभिलेखीकरण गर्ने कार्यलाई ब्यबस्थित गरिनेछ।

१९. पशुहरुमा लाग्ने महामारी रोगहरुको बिरुद्ध नियमित खोप (HSBQ, FMD, PPR र Anti-Rabies, आदि) निशुल्क रुपमा लगाईनेछ ।

२०. हास, कुखुरा तथा बंगुरपालन ब्यबसायलाई ब्यबस्थित एंव प्रदुषणमुक्त गर्न ब्यबसायीहरुसंग आवश्यक समन्वय गरिनेछ ।

२१. मासु तथा डेरी ब्यबसायको नियमित अनुगमन गरी व्यवस्थित गरिनेछ ।

२२. मनुमित्र (सामुदायिक कुकुर) हरुको प्रजनन नियन्त्रणको लागि नियमित बन्ध्याकरण (मिनिल्याप र लेप्रोस्कोपी) कार्यलाई तिब्रता दिईनेछ।

२३. बधस्थल (स्लाउटर हाउस) ब्यबस्थित गर्न नियमित अनुगमन तथा निर्माणको लागि आवश्यक पहल गरिनेछ ।

२४. टोखा नगरपालिका क्षेत्रमा पशुपंक्षीहरुको आयात गर्दा क्वारन्टाईन जांच प्रमाणपत्र अनिवार्य गरिनेछ।

**ख पर्यटन क्षेत्र**

२५. नगरका पर्यटकिय महत्वका सवै क्षेत्रहरुको अध्ययन गरी क्रमागत रुपमा यस क्षेत्रको दीर्घकालीन योजना तर्जुमा गरिनेछ ।

२६. आगामी आ.व २०७५/७६ मा वौडेश्वरको एकीकृत विकासको लागि निर्माण भएको गुरुयोजना वमोजिमको कार्यलाई तीब्र रुपमा अघी बढाईनेछ ।

२७. यस नगर क्षेत्रकामा रहेका ऐतिहासिक, धार्मिक, सास्कृतिक महत्वका सम्पदाहरुको स्तरोंन्नती तथा मर्मतसम्भार गरिनेछ ।

२८. पर्यटन क्षेत्र प्रबर्दंनको लागि ऐतिहासिक, धार्मिक, सास्कृतिक, प्राकृतिक, आदि विभिन्न क्षेत्रलाई समेटी बृहत पर्यटन गुरुयोजना निर्माण गरिनेछ ।

२९. चण्डेश्वरीदेखि बौडेश्वरसम्मको पदमार्गलाई उच्च प्राथमिकताकासाथ अघि बढाईनेछ। अन्य क्षेत्रमा समेत पदमार्गको सम्भाव्यता अध्ययन गरिनेछ ।

३०. नगरपालिका भित्रका विभिन्न क्षेत्रमा होमस्टे सम्भाव्यता अध्ययन गर्नुको साथै सो को संचालनको लागि राष्ट्रिय निकुञ्ज र मध्यावर्ति क्षेत्रसंग समन्वय गरी संचालन गर्न पहल गरिनेछ ।

**ग सहकारी**

३१. नगरपालिकामा रहेका सहकारीहरुको विकास, एकीकरण हुन चाहनेलाई सहजिकरण गरिनेछ ।

३२. सहकारी वचत तथा ऋण परिचालन सम्वन्धी मापदण्ड बनाई नियमन गरिनेछ ।

३३. महिला, गरिब, सिमान्तकृत, भिन्न क्षमता भएका व्यक्ति, भूमिहीन तथा पिछडिएको वर्ग र श्रमिकको जीवनस्तर सुधार ल्याउन सहकारी पद्दतिको व्यवसायमा पहुँच बढाईनेछ ।

३४. युवाहरुलाई स्वदेशमै काम गर्ने वातावरण सृजना, सहकारी मार्फत रोजगारी सृजना तथा युवास्वरोजगर कार्यक्रम संचालन गरिनेछ ।

३५. सहकारीको वचतकर्ताहरुको बचतको सुरक्षाको प्रत्याभूति गर्न आवश्यक व्यवस्था गरिनेछ ।

३६. सहकारी सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान गरिनेछ ।

३७. स्थानीय सहकारीहरुको क्षमता अभिवृद्धिको लागि तालिम तथा अवलोकन भ्रमणको व्यवस्था मिलाईनेछ ।

**घ उद्योग तथा वाणिज्य**

३८. घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धनको लागि आवश्यक सहजीकरण गरिनेछ ।

३९. घरेलु तथा साना उद्योगको क्षेत्रमा प्रत्येक वडामा उत्पादन हुन सक्ने बस्तु तथा सेवाको सम्भाव्यता अध्ययन गरी **एक वडा एक उत्पादन/पहिचान**को नीति लिईनेछ।

४०. व्यापारिक फर्म, पसलको दर्ता, अनुमति, नविकरण तथा खारेजीको सहज व्यवस्था मिलाईनेछ ।

४१. सीप विकास सम्वन्धी कार्य योजनाको प्रवर्धन गरिनेछ ।

४२. परम्परागत तथा ब्यबसायिक सिपमुलक घरेलु उत्पादनलाई प्रवर्द्धन गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

४३. टोखा नगर क्षेत्रमा अन्तराष्ट्रियस्तरको एक प्रदर्शनी केन्द्र निर्माण गर्न स्थान पहिचान गरि आवश्यक पहल गरिनेछ ।

४४. नगर क्षेत्रका उद्योग तथा ब्यबसायहरुलाई करको दायरामा ल्याईनेछ ।

## २. सामाजिक विकास

**क शिक्षा**

४५. प्राविधिक शिक्षा तथा व्यावसायीक तालिमको योजना तर्जुमा गरि कार्यान्वयनमा ल्याईनेछ ।

४६. आवश्यकताको आधारमा नयाँ विद्यालय खोल्ने, स्तर वृद्धि गर्ने, एकीकृत गर्ने, कक्षा थप गरी समुदायको हितमा प्रयोग गर्ने नीति अवलम्वन गरिनेछ । सामुदायिक विद्यालयलाई माध्यामिक तहबाट उच्च शिक्षाको लागि कलेज तहसम्मको स्तरोन्नतीको लागि आवश्यक ब्यबस्था मिलाईनेछ ।

४७. विद्यालयहरुको अनुमति, नियमन र अनुगमन तथा मुल्याङ्कन प्रणालीलाई व्यवस्थित र प्रभावकारी वनाईनेछ ।

४८. शिक्षक तथा कर्मचारीहरुको पेशागत क्षमता वृद्धि, तालिम, अवलोकन भ्रमणको उचित व्यवस्थापनको लागि आवश्यक कार्यक्रम बनाई लागू गरिनेछ ।

४९. सामुदायिक विद्यालयहरुको शैक्षिक पुर्वाधार निर्माण, मर्मत सम्भार कार्यलाई प्राथमिकता दिईने छ ।

५०. नगरपालिकाभित्र रहेका संस्थागत विद्यालयहरुसंग आवश्यक समन्वय गरी गरिव, जेहन्दार, पिछडीएका वर्ग, विपन्न, जनजाति, दलित, अपाङ्ग, महिला, जन-आन्दोलनका घाईते, सहिद, वेपत्ता परिवारका सन्तती लगायतलाई छात्रवृतिको आवश्यक व्यवस्था मिलाइनछ ।

५१. सामुदायिक विद्यालयका शिक्षक तथा विद्यार्थीहरुको क्षमता अभिवृद्धिका लागि विशेष कार्यक्रमहरु संचालन गर्दै लगिनेछ ।

५२. विश्वविद्यालय औपचारिक शिक्षाका लागि मध्यकालिन र दीर्घकालीन रणनीति तथा तह सम्मको कार्यक्रमहरु संचालन गरिनेछ ।

५३. **"गुणस्तरिय तथा सवैको लागि शिक्षा"** भन्ने नाराका साथ **एक वडा एक सामुदायिक विद्यालय**को स्थापना गर्ने नीति लिईनेछ।

५४. सामुदायिक विद्यालयहरुलाई वातावरणमैत्री र प्रविधियुक्त वनाउन पहल गरिनेछ ।
५५. सामुदायिक विद्यालयको गुणस्तरीय शिक्षामा लगानी वृद्धि गर्नको लागि सामाजिक उतरदायित्व (Corporate Social Responsibility) अन्तर्गत नीजि विद्यालयहरुलाई यी क्षेत्रमा लगानी वढाउन उत्प्रेरित गरिनेछ ।
५६. वालवालिकालाई विद्यालय भर्ना गर्ने कार्यलाई प्रत्येक वर्ष अभियानको रुपमा अगाडी वढाईनेछ । विचैमा विद्यालय छोड्ने कार्यलाई पहिचान गर्न आवश्यक संयन्त्रको व्यवस्था गरी सो कार्यलाई निरुत्साहित गरिनेछ ।
५७. स्थानीय पुस्तकालय, वाचनालय तथा सामुदायिक सिकाई केन्द्रको गुणात्मक सुधार गरिनेछ ।
५८. निरन्तर शिक्षा, जीवन उपयोगी सिकाई तथा महिला शिक्षामा जोड दिईनेछ ।
५९. आधारभुत तहको शिक्षामा स्थानीय भूगोल, सम्पदा, पहिचान, आर्थिक, सामाजिक, भाषा, संस्कृति तथा परम्परालाई सम्वर्द्धन र जगेर्ना हुने गरी स्थानीय पाठ्यक्रम प्रारुप तयार गरि लागू गरिनेछ ।
६०. नगर क्षेत्रका बिद्यालयहरुको लागि बिभिन्न अतिरिक्त क्रियाकलापहरु तथा प्रतिभा पहिचानका कार्यक्रमहरु संचालन गरि बालबालिकाहरुको बहुआयामिक विकास गरिनेछ ।
६१. प्राविधिक विद्यालय स्थापना तथा संचालनको लागि स्थान पहिचान गरि संघ र प्रदेशमा आवश्यक पहल गरिनेछ ।
६२. नगर क्षेत्र भित्र सञ्चालित शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष, भाषा शिक्षण कक्षा, पुर्व तयारी कक्षा, हरुको विवरण अध्यावद्यिक गरी प्रवाभकारी अनुगमन, नियमन गरिनेछ।
६३. टोखा नगर क्षेत्रलाई पूर्ण साक्षर घोषणा गरिनेछ ।

**ख लैङ्गिक समानता र सामाजिक समावेशीकरण**

६४. जेष्ठ नागरिकहरुको ज्ञानस, सीप र अनुभवलाई ग्रहण गरिनेछ ।
६५. नेपाल सरकारवाट उपलव्ध सामाजिक सुरक्षा भत्ता वितरणलाई व्यवस्थित तथा सहज बनाउन सम्बन्धित बैंकसंग समन्वय गरी वडा स्तरबाट वितरण गर्न पहल गरिनेछ।
६६. जेष्ठ नागरिकहरुलाई धार्मिक तीर्थयात्रा गराउने कार्यक्रम तय गरिनेछ ।
६७. जेष्ठ नागरिकको पहिचान, सम्मान र व्यवस्थापनका लागि विकास साझेदारहरु समेतको सहयोगमा क्रमागत रुपमा जेष्ठ नागरिक विश्रामस्थल निमार्ण गरिनेछ।
६८. महिलाहरुको आयमूलक, सीपमूलक, क्षमता अभिवृद्धि, नेतृत्व विकास गरी दक्ष जनशक्ति निर्माणमा योजनावद्ध पहल गर्न क्लष्टरमा सीप सिकाई केन्द्रहरु संचालन गरी व्यवस्थित तथा जीवन उपयोगी वनाईनेछ । एकल महिलालाई बिशेष प्राथमिकता दिईनेछ।
६९. लैङ्गिक हिंसा, शोषण, मानव वेचविखन, विभेद तथा दुर्ब्यवहारलाई शुन्य सहनशिलताको नीति अवलम्वन गरिनेछ । यसका लागि स्थानीय संघ संस्थाहरु संगको सहकार्यमा विभिन्न प्रकारका सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै लगिनेछ ।
७०. "**हाम्रो वालवालिका हाम्रो भविश्य** भन्ने मुल्य मान्यतालाई आत्मसाथ गर्दै वालमैत्री स्थानीय शासनलाई निरन्तरता दिई यस नगरपालिकाका वडाहरुलाई क्रमश वालमैत्री घोषणा गर्दै नगरलाई पूर्ण वालमैत्री नगर घोषणा गरिनेछ ।
७१. हिंसा पिडित महिला र बालबालिकाको लागि सुरक्षित गृह र आपतकालीन कोषको व्यवस्था गरिनेछ ।
७२. बाल अधिकार र बाल संरक्षणलाई सुनिश्चित गर्न बालक्लब र बाल संजालहरुमा आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
७३. संरक्षण बिहिन बालबालिकाहरुलाई पारिवारिक पुनर्मिलन गर्ने र सम्भव नभएमा यस नगरमा अवस्थित बालगृहमा पुन:स्थापना गर्न पहल गरिनेछ ।
७४. नगर क्षेत्रका वाल गृह तथा बृदाश्रमको नियमित अनुगमन गरिनेछ।
७५. महिला तथा बालबालिकाको गैर कानुनी ढंगले श्रम शोषण हुन सक्ने सम्भावित क्षेत्रको पहिचान गरी अनुगमन तथा नियमन गरिनेछ ।
७६. किशोरीहरुको लागि सूचना तथा परामर्श केन्द्रको स्थापनाको साथै किशोरी समूहहरुलाई क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।
७७. गरिब तथा बिपन्न महिलाहरुको लागि लघु उद्दम विकास कार्यक्रम संचालन गरिनेछ ।
७८. भिन्नक्षेमता भएकाहरुको लागि क्षमता विकास, सिप विकास तथा आय-आर्जनका कार्यक्रम संचालन गरिनेछ । साथै आवश्यकता अनुसार सामाग्री प्रदान गरिनेछ ।
७९. महिला तथा बालबालिकाको लागि अन्तर-जिल्ला रेखांकन, अध्ययन अवलोकन भ्रमण गर्ने ब्यबस्था गरिनेछ ।

**ग. युवा तथा खेलकुद**

८०. खेलकूदका माध्यमवाट नगरलाई अगाडी वढाउन तथा सवै सामु परिचित गराउन मेयरकप खेलकूदको आयोजना गरिनेछ । यसका लागि स्थानीय संघ संस्थाहरुसंगको सहकार्यमा आवश्यक पुर्वाधार विकास तथा प्रशिक्षणको व्यवस्था मिलाउन पहल गरिनेछ ।

८१. लागु पदार्थ दुर्व्यसनवाट जोगाउनको लागि सचेंतानामुलक कार्यक्रम संचालन गर्नुको साथै दुर्व्यसनमा फसेकालाई पुर्नस्थापनाका लागि आवश्यक पहल गरिनेछ ।

८२. नगरस्तरिय खेलकूद मैदान, खेल सामाग्रीहरु व्यवस्था गरी खेलकूदलाई व्यवस्थित गरिनेछ ।

८३. रंगशाला निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ ।

**घ. स्वास्थ्य**

८४. स्वास्थ्य सेवामा नगरवासीहरुको पहुँच विस्तार गर्न पहल गरिनेछ ।

८५. शहरी स्वास्थ्य केन्द्रलाई नगरका स्वास्थ्य चौकी नभएका वडामा क्रमागत रुपमा विस्तार गरिनेछ ।

८६. स्वास्थ्यकर्मी तथा स्वयमसेवीकाहरुलाई आवश्यक तालिम तथा अन्य सहयोग उपलव्ध गराई क्षमता विकास गरिनेछ ।

८७. वडा नं. २ मा हाल निमार्णाधिन प्राथमिक स्वास्थ्य केन्द्रलाई टोखा नगर अस्पतालमा स्तरोन्नति गरिनेछ ।

८८. स्थानीय स्वास्थ्य चौकीहरुको भौतिक पुर्वाधार निर्माण तथा मर्मत सम्भारलाई निरन्तरता दिईने छ । स्वास्थ्य चौकीहरुलाई भौतिक पूर्वाधार सुबिधा सम्पन्न बनाईनेछ ।

८९. राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप अस्पताल, निदान केन्द्र, नर्सिङ्ग होम तथा अन्य स्वास्थ्य संस्थाहरुको क्लिनिक दर्ता, संचालन अनुमति र नियमन गरिने छ ।

९०. निजी अस्पताल, पोलीक्लिनिक तथा औषधि पसलहरुको लागि बिज्ञ टोली बनाई नियमित अनुगमन र नियमन गरिनेछ ।

९१. नगर क्षेत्रभित्र एक आयुर्वेदिक अस्पतालको स्थापना गर्न पहल गरिनेछ।

९२. जेष्ठ नागरिकहरुको लागि नियमित स्वास्थ्य जांच, थप उपचार तथा प्रेषणको आवश्यक व्यवस्था गरिनेछ ।

९३. स्वास्थ्य जीवनशैली, पोषण, शारिरीक व्यायाम, योग अभ्यास, स्वास्थ्य वृत्तिको पालना लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन गरिनेछ ।

९४. जनस्वास्थ्य, आपतकालीन स्वास्थ्य, सर्ने तथा नसर्ने रोग एंव महामारीको नियन्त्रण योजना तयार गरी आकस्मिक स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।

९५. नगरवासीलाई सहज स्वास्थ्यमा पहुँच पुर्याउनको लागि स्वास्थ्य विमा कोष खडा गरि स्वास्थ्य विमाको लागि अभिप्रेरित गरिनेछ ।

९६. विद्यालय स्तरमा किशोरी स्वास्थ्य पोषण कार्यक्रम लागू गरिनेछ । साथै किशोर-किशोरीहरुलाई प्रजनन् स्वास्थ्य सम्वन्धी शिक्षा दिईनेछ ।

९७. असहाय तथा अति विपन्न आमाहरुको लागि आकस्मिक आमा सुरक्षा कोष स्थापना गरिनेछ ।

९८. स्तन तथा पाठेघर क्यान्सर लगायत अन्य रोगहरु सम्बन्धी निजी संघ-सस्थासंग समन्वय गरी विभिन्न सचेतनामुलक कार्यक्रम र शिविरहरु संचालन गरिनेछ।

९९. स्वास्थ्य सम्बन्धी अध्ययन अनुसन्धानको लागी निजि अस्पताल तथा संघ-संस्थाहरु संग समन्वय तथा सहकार्य गरिनेछ ।

१००. नगर क्षेत्रका नीजि अस्पताल तथा क्लिनिकहरुले नगरबासीलाई सहज रुपमा स्वास्थ्य सेवा उपलब्ध गराउन कम्तिमा १५ प्रतिशत छुट गराउन पहल गरिनेछ।

१०१. स्वास्थ्य स्वयंसेविकाहरुको कामको उच्चतम मुल्यांकन गर्दै ६० बर्ष काटेकाहरुको हकमा सम्मान गरी बिदाई गरिनेछ। नयाँ स्वयमसेविकाहरुको हकमा १० कक्षा उतिर्ण हुनु पर्नेछ ।

**ङ. संस्कृति प्रवर्द्धन**

१०२. नगर क्षेत्र भित्रको एतिहासिक सम्पदा तथा स्थानहरुलाई जीवन्त राख्नका लागित्यस्ताक्षेत्रहरुकोसंरक्षण र सम्बर्दन गरिनेछ ।

१०३. सम्पदाहरुको पुन:निर्माणमा पुरातत्व विभाग र अन्य निकायसंग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

१०४. यस ऐतिहासिक नगरपालिका भित्रका सम्पदाहरुलाई विश्व सम्पदा सुचीमा सुचीकृत गर्न पहल गरिने छ ।

१०५. सास्कृतिक प्रवर्धन तथा विकासका लागि विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।

१०६. स्थानीय जात्रा तथा संस्कृतिक पर्वहरुको उचित व्यवस्थापनको लागि आवश्यक कोषको व्यवस्था गरि नियमित रुपमा संचालन हुने व्यवस्था मिलाईनेछ ।

१०७. टोखा नगरपालिकाको वडा नं. २ र ३ को प्राचिन वस्तीलाई **टोखा सांस्कृतिक संरक्षित क्षेत्र** घोषणा गरिन्छ।

१०८. सास्कृतिक संरक्षित क्षेत्रको गुरुयोजना वनाई सो अनुसार विकास निर्माण एंवम निजी आवास निर्माण समेत सोहि अनुसार गर्न प्रोत्साहन गरिनेछ ।

### च . खानेपानी तथा सरसफाई

१०९. नगरका सवै वडाहरुमा स्वच्छ पिउने पानी उपलब्ध गराउनको लागि काठमाडौँ उपत्यका खानेपानी लिमिटेडसंग आवश्यक समन्वय गरिनेछ ।

११०. नगर क्षेत्र भित्र भएका पानीका स्रोतहरुको पहिचान गरि सो लाई नगरवासीको उच्चतम हितमा प्रयोग गर्ने नीति अवलम्वन गरिने छ । साथै प्राकृतिक पानीको मुहान भएको क्षेत्र संरक्षण गर्न प्राथमिकता दिईनेछ ।

१११. **"हामी सवैको एउटै रहर, स्वच्छ सफा टोखा नगर"** को अभियानलाई सार्थक तुल्याउन सरसफाई सम्वन्धी विषेश कार्यक्रमहरु अभियानको रुपमा संचालन गरिने छ ।

११२. वृक्षारोपण, हरियाली तथा हरित क्षेत्रको विस्तारको लागि विशेष अभियान संचालन गरिनेछ ।

११३. POST-ODF (पुर्ण सरसफाई ) तर्फ उन्मूख हुनको लागि प्याकेजका कार्यक्रमहरु संचालन गरिनेछ ।

११४. घर, कलकारखाना, उद्योग धन्दाहरु वाट उत्पादित फोहोरलाई श्रोतमा नै वर्गीकरण गर्ने कार्यको थालनी गराईनुको साथै बायोग्यास निर्माण गर्न अनुदानको व्यवस्था गरिनेछ ।

११५. फोहोरमैला संकलन, पुन: प्रयोग, प्रशोधन, विसर्जन कार्यको सेवा शुल्क निर्धारण र नियमन गरिने छ ।

११६. नगर क्षेत्रको फोहोर मैला व्यवस्थापनको लागि सम्वन्धित सरोकारवाला तथा अन्य निकायहरुसंग सहकार्य गरी व्यवस्थापनको कार्य गर्न पहल गरिनेछ ।

११७. फोहोरमैला संकलन तथा ढुवानी कार्यमा निजी क्षेत्रले गर्दै आएकोमा थप व्यवस्थित गराउंदै लागिनेछ ।

११८. शहरी सरसफाई तथा फोहोरमैला सङ्कलन प्रणालीमा सुधार गर्न आवश्यक पहल गरिनेछ ।

११९. नगर क्षेत्र भित्र भएर वहने नदीनालाहरु तथा किनारमा सरसफाई तथा वृक्षारोपण गर्ने अभियान मुलक कार्यक्रम संचालन गरिनेछ ।

१२०. अनुदानमा कम्पोष्टविन वितरण गरिनेछ ।

१२१. नगर क्षेत्रको ढल सरसफाईलाई ब्यबस्थित गर्न Hydraulic Jet लगायत अन्य आवश्यक आधुनिक उपकरण खरिद गरीनेछ ।

### छ. सरकारी तथा गैर सरकारी संस्था

१२२. यस नगरपालिका भित्र संचालनमा रहेका अर्ध-सरकारी तथा गैर सरकारी संस्थाहरुलाई नियमन गर्न आवश्यक व्यवस्था गरिनेछ।

## ३. पुर्वाधार विकास

### क. भवन तथा शहरी विकास

१२३. नगरपालिका कार्यालय र वडा कार्यालयहरुको सेवाग्राही मैत्री भवन निर्माणको लागि आवश्यक वजेट विनियोजन गरी क्रमागत रुपमा भवन निर्माणको शुरुवात गरिनेछ ।

१२४. आवासीय, व्यापारिक, संघ-संस्था लगायत सबै प्रकारका भवन- मापदण्ड र भवन संहिताको पालना गरी सुरक्षित तरिकाले निर्माण गर्ने व्यवस्था गरिनेछ ।

१२५. अनुगमन तथा मुल्याङ्कन कार्यलाई संस्थागत रुपमा प्रवन्ध गरी प्रभावकारी वनाईनेछ ।

१२६. नगर यातायात गुरुयोजनाको मस्यौदालाई थप छलफल गरी कार्यन्वयनमा ल्याईनेछ ।

१२७. तोकिएको मापदण्ड अनुसार न्युनतम भन्दा वढी खुल्ला क्षेत्र राखी नगरपालिकाको शहरी ईलाकामा घर निर्माण गर्नै व्यक्तिलाई प्रोत्साहन गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

१२८. नक्सापास प्रक्रियालाई इन्ट्रानेटबाट संचालन हुदै आएकोमा अपडेट गरी अनलाइन सिष्टमवाट संचालन गरिनेछ ।

१२९. भवन निर्माण कार्यमा संम्लग्न हुने निर्माण मजदुरहरुलाई क्रमश: तालिमको व्यवस्था गरी सुचीकृत गर्दै लगिनेछ।

१३०. नगर क्षेत्रमा निर्माण हुने व्यावसायीक भवनहरुलाई निर्माण स्वीकृति दिदाँ अपाङ्गमैत्री तथा Underground Parking निर्माण गर्नको लागि अभिप्रेरित गरिनेछ ।

१३१. नीजि क्षेत्रसंग सहकार्य गरि पार्किङ्ग स्थलहरु निर्माण गर्न आवश्यक सहयोग उपलव्ध गराउने नीति लिईने छ ।

१३२. सार्बजनिक जग्गा अतिक्रमणको अभिलेखान्कन गरि त्यस्ता क्षेत्रमा बनाईएका संरचना हटाउन वडालाई पूर्ण अधिकार सहित जिम्मेवारी दिईनेछ।

१३३. वातावरणमैत्री सुरक्षित वसोवास स्थलको रुपमा विकास गरि नगरको भूगोल अनुसार व्यापारिक, पौराणिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पर्यटन विकास तथा कृषि लगायत सवै क्षेत्रलाइ व्यवस्थित नगरपालिकाको रुपमा विकास गर्न स्मार्ट सिटीका देहाएका न्यूनतम विशेषताहरु पुरा गर्दै लगिनेछ :

- सूचना तथा संचार प्रविधिको पूर्ण पहुँच भएको
- निर्माण हुने पुर्वाधारहरु गुणस्तरीय भएको
- सुशासन एबं पारदर्शीता भएको
- जनमैत्री कार्य प्रणाली भएको
- सार्वजनिक यातायातको सहज पहुँच
- वातावरणीय सन्तुलन कायम भएको
- सृजनात्मक गतिविधि भएको
- शिष्ट र सभ्य समाज भएको
- Digital City, Information, Virtual learning
- विद्यालय, स्वास्थ्य संस्था, प्राविधिक सीप सिकाइ सामुदायिक केन्द्र, पुस्तकालय, अनुसन्धान मूलक संस्थाहरु भएको
- पूर्ण साक्षर र पूर्ण सरसफाई युक्त भएको
- खेलकुद तथा मनोरञ्जन स्थलहरु ब्यबस्थित भएको
- वालमैत्री, अपाङ्गमैत्री, जेष्ठनागरिकमैत्री पार्क भएको

**ख खानेपानी पुर्वाधार कार्यक्रम**

१३४. खानेपानीको सहज आपुर्तिको लागि मेलम्ची खानेपानीलाई यस नगरपालिका भित्र वितरणको लागि पहल गरिनेछ ।

१३५. यस नगरपालिका भित्र रहेका खानेपानीको मुहान पहिचान गरि सो को उचित संरक्षण गरी संचालनमा ल्याईनेछ ।

१३६. सार्वजनिक स्थलहरुमा स्वच्छ खानेपानीको वितरण प्रणालीको व्यवस्था मिलाईनेछ ।

१३७. सरकारी निजि साझेदारी र सहकार्यमा खानेपानी आपूर्तिको लागि बिशेष प्राथमिकता दिईनेछ ।

१३८. टोखा छहरे सुरुङ्गमार्ग निर्माण संगसंगै स्याप्लिङ्ग खोलाको पानी ल्याउने व्यवस्था मिलाउन संघीय सरकारसंग पहल गरिनेछ।

**ग ऊर्जा**

१३९. उज्यालो नगर निर्माणको लागि विद्युत प्राधिकरणको समन्वयमा चोक गल्लीहरुमा सडक वत्तीको व्यवस्था मिलाईनेछ । सो सडक बत्तिको शुल्क लिई त्यसको भुक्तानी गरिनेछ ।

१४०. वैकल्पिक उर्जाको रुपमा रहेको सडक सौर्य वत्ती जडानको लागि सम्बन्धित निकायहरुमा पहल गरिनेछ।

१४१. सार्बजनिक चोक, मठ-मन्दिर, बिद्यालय, वडा कार्यालयहरुमा सौर्य बत्ती जडान गर्न प्राथमिकता दिईनेछ ।

**घ. सडक तथा पुल**

१४२. सडक निर्माण गर्दा फुटपाथ, हरियाली सहितको भिन्न क्षमता मैत्री सडक निर्माणलाई जोड दिईनेछ ।

१४३. नगरपालिका क्षेत्र भित्रको भौतिक पुर्वाधार विकास सम्वन्धी योजनाहरु सङ्कलन गरी योजना वैङ्क तयार गरिनेछ ।

१४४. उप प्रमुखको संयोजकत्वमा प्राविधिक तथा अन्य सम्वन्धित सरोकारवालाहरु सहितको संलग्नतामा अनुगमन तथा मुल्याङ्कन गरिनेछ ।

१४५. नतिजामा आधारित अनुगमन प्रणालीको व्यवस्था गरिनेछ ।

१४६. सडक कालोपत्रे, ढल, भवन निर्माण लगायतका प्राबिधिक रुपमा जटिल खालका निर्माण कार्य उपभोक्ता समितिबाट गराईने छैन ।
१४७. सवारी साधनको चापलाई ध्यानमा राखी भारका आधारमा निर्माण कार्यलाई थप मजवुद वनाउन पहल गरिनेछ ।
१४८. जनसहभागितामा आधारित विकास प्रकृयाका लागि कम्तिमा ४० प्रतिशत जन-सहभागिता रकम जम्मा गरी विकास गर्न चाहने उपभोक्ताहरुलाई ध्यानमा राखी सो अनुरुप समपुरक कोषवाट ब्यबस्थापन गरिनेछ ।
१४९. ठेक्कापट्टाबाट गरिने कार्यमा २ बर्षसम्म गुणस्तर कायम राख्ने जिम्मेवारी सम्बन्धित ठेकेदारको हुनेछ ।
१५०. सिमा जोडिएका नगरपालिकालाई फाइदा पुग्ने खालका दुइ वा दुइ भन्दा वढी नगरपालिकाको साझेदारीमा संचालन हुने पुर्वाधार निर्माणका कार्यक्रमहरुलाइ विषेश जोड दिइने छ । यसको लागि समपुरक कोषबाट व्यवस्था गरिने छ ।
१५१. अन्तर स्थानीय तहहरु तथा उपभोक्ता समिति एंव टोल विकास संस्थाहरु संग आवश्यक समन्वय गरी साझेदारी कार्यक्रमहरु संचालन गरिने छ ।
१५२. नगरपालिका भित्र निर्माण हुने सडक, ढल, विद्यालय, पार्क, स्वास्थ्य चौकी, सामुदायिक वन तथा नगर सूचना तथा अभिलेख केन्द्रहरुलाई नमूनाको रुपमा विकास गरिनेछ।
१५३. घर सम्पन्नको प्रमाणपत्र लिन आउँदा नगरपालिकाले तोकिएको ढल जडानको दस्तुर बुझाएको रसिद अनिवार्य पेश गर्नु पर्नेछ ।
१५४. टोखा नगरपालिकाको आयोजना/परियोजनाको योजना वैक वनाई प्रथमिकता प्राप्त क्षेत्रमा कार्यक्रम संचालन गरिनेछ । साथै विभिन्न दातृ निकायहरुसंग सहयोग लिई समेत संचालन गरिनेछ ।

## ४. वातावरण तथा विपद व्यवस्थापन

१५५. शहरको सुन्दरता अभिवृद्धि र वातावरणमैत्री नगर निर्माण गर्न GREEN TOKHA अभियान अन्तर्गत पार्क निर्माण, वृक्षारोपण, वातावरण तथा फोहोर मैला व्यवस्थापन, सम्पदा संरक्षण, प्लाष्टिक झोला न्यूनिकरण तथा जनचेतना मूलक कार्यक्रमहरु संचालन गरिनेछ ।
१५६. विपद जोखिम क्षेत्रहरु पहिचान गरी उक्त क्षेत्रहरुमा जोखिम न्यूनिकरण सचेतना कार्यक्रमहरु संचालन गरिनेछ । **एक वडा एक विपद सुरक्षित स्थल** किटान गरी आवश्यक पुर्वाधारहरु विकास गर्दै लगिनेछ ।
१५७. **एक वडा एक उद्यान** नीतिलाई साकार पारिनेछ ।
१५८. नगरपालिका क्षेत्र भित्र रहेका सार्वजनिक स्थानहरुमा वालमैत्री, अपांगमैत्री तथा जेष्ठ नागरिकमैत्री पार्कहरु क्रमागत रुपमा निर्माण गर्दै लगिनेछ ।
१५९. नेपाल सरकारको नीति अनुरुप **एक व्यक्ति एक फलफुलको विरुवा** अभियानलाई सार्थक तुल्याउन आवश्यक व्यवस्था मिलाईनेछ ।
१६०. छिमेकी नगरपालिकाहरु समेतको संयुक्त सहकार्यमा वारुणयन्त्र संचालनको लागि आवश्यक व्यवस्था मिलाउन पहल गरिनेछ।
१६१. **घरभित्रको फोहोर घरभित्र** नै व्यवस्थापन गर्न कम्पोष्ट विन उपलब्ध गराई कम्पोष्ट मल वनाउन अभिप्रेरित गरिनेछ ।
१६२. विपदजन्य जोखिम न्यूनिकरण तथा सुरक्षाको प्रत्याभूति दिलाईनेछ ।
१६३. वर्षातको समयमा हुने जल उत्पन्न प्रकोपलाई न्यूनिकरण गर्न नदीका दुवै किनाराहरु तथा अन्य त्यस्ता जोखिमयुक्त स्थानहरु पहिचान गरी नियन्त्रणका कार्यहरु गरिनेछ ।
१६४. घर-नक्सा पास गर्दा अनिवार्य रुपमा एक घर दुई रुख रोप्नु पर्ने, सेप्टी ट्याँकी र सकपिट अनिवार्य रुपमा निर्माण गर्नु पर्ने र सो विना निर्माण सम्पन्न दिइने छैन ।
१६५. नदी किनार तथा अन्य सार्वजनिक स्थलहरुमा वातावरण मैत्री पार्क निमार्ण गरिने छ । साथै Eco-Friendly नगरको रुपमा विकास गरिने छ ।
१६६. घर तथा सेप्टीक ट्याँकीबाट उत्पादित हुने फोहोरलाई नगरपालिकाले इच्छुक संघ-संस्था र नीजि क्षेत्र समेतको सहकार्यमा वायोग्यास उत्पादनका लागि आवश्यक कार्य अगाडी वढाउने छ ।
१६७. नगर क्षेत्र भित्र उचित स्थानहरुको पहिचान गरि सार्वजनिक शौचालयहरुको निर्माण गरिदै लगिने छ । नगरलाई Post ODF (पूर्ण सरसफाई) को तयारी तर्फ उन्मूख गराईनेछ ।
१६८. Rain water harvesting को व्यवस्था मिलाईनेछ ।

१६९. नगरपालिका क्षेत्रलाई प्लाष्टिक मुक्त गर्न सुइरो वितरण गर्नुको साथै प्लाष्टिक झोलाको विकल्पमा कपडा तथा अन्य बातावरणमैत्री झोलाहरु प्रयोगमा ल्याउन आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

१७०. विष्णुमति तथा साङ्ले खोलामा हिउँद यामामा कृर्तिम तालको निर्माणको लागि अन्तर-नगर समन्वय गरी सम्भाव्यता अध्ययन गरिनेछ ।

१७१. नगर क्षेत्र भित्र रहेका पोखरी, ढुंगे धारा र कुवाको संरक्षण तथा सम्बर्द्धन गरिनेछ ।

१७२. मृत जीवजन्तुको उचित ब्यबस्थापनको लागि नीजि क्षेत्रसंग सहकार्य गरिनेछ ।

१७३. सडकको बिजुलीको पोलमा Trash Bin राख्ने र सामुदायिक बिद्यालय, मठ-मन्दिर र सार्बजनिक चोकमा टोल बिकास संस्थालाई जिम्मेवारी दिई dustbin बितरण गरिनेछ ।

१७४. ब्यबसायीहरुले अनिवार्य रुपमा आफ्नो ब्यबसाय अगाडि dustbin राख्नुपर्नेछ ।

१७५. वातावरण संरक्षण र फोहोरमैला ब्यबस्थापनमा 3P model मा सम्झौता गरि दिर्घकालीन रुपले समाधान गरिने नीति लिईनेछ । साथै फोहोरमैला बर्गीकरणको लागी संकलन केन्द्र स्थापना गरिनेछ ।

१७६. सडक अतिक्रमण गरी ब्यबसायीले सामग्री सडक पेटीमा राख्ने, ठेला-गाढा-रिक्सा आदि संचालन गर्ने कार्यलाई बिस्थापित गरिनुको साथै अटेर गर्नेलाई दण्डित गरिनेछ ।

१७७. नीजि क्षेत्रसंग सहकार्य गरी मोबाइल शौचालय संचालन गरिनेछ ।

## ५. संस्थागत विकास तथा सेवा प्रवाह

### क. सुशासन, सेवा प्रवाह तथा मानव संसाधन विकास

१७८. नागरिक वडापत्र अद्यावधिक गरि डिजिटल बोर्ड मार्फत प्रवाह गरिनेछ ।

१७९. सेवाग्राहीको बढी चाप हुने शाखाहरुमा क्रमशः टोकन प्रणाली लागू गरिने छ ।

१८०. सेवाग्राहीले घरमा नै वसी व्यक्तिगत घटना दर्ता सूचना फारमहरु भर्न सक्ने पद्धतिलाई थप सहजता तुल्याईनेछ ।

१८१. नगरपालिकाको बिद्दमान संगठन संरचनामा कार्यवोझको आधारमा पुनरावलोकन गरिनेछ ।

१८२. कर्मचारीको पदीय आचारण र मर्यादा कायम गर्नको लागि कर्मचारी आचारसंहिता बनाई लागू गरिने छ ।

१८३. विषयगत क्षेत्रको आधारमा तालिमको आवश्यकता पहिचान गरी सवै कर्मचारीहरुलाई तालिम दिइनेछ ।

१८४. प्रत्येक कर्मचारीहरुलाई सूचक सहितको कार्यविवरण उपलब्ध गराईनेछ ।

१८५. कर्मचारीलाई कार्यसम्पादन मूल्यांकनको आधारमा दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ ।

१८६. कर्मचारीको वृत्ति विकासको समुचित अवसर प्रदान गरिनेछ।

१८७. अनुगमन तथा मूल्याङ्कन पद्दतीका माध्यमवाट हरेक किसिमका सेवा प्रवाहलाई चुस्त-दुरुस्त राखिनेछ ।

१८८. नगरपालिकाको राष्ट्रिय तथा अन्तराष्ट्रिय नगरहरुसंग भगिनी सम्वन्ध कायम गरिने नीति लिईनेछ । यस कार्यमा नगरको पहिचान र हितलाई उच्च प्राथमिकतामा राखिनेछ ।

१८९. नगरका गतिविधीहरु नगरवासी समक्ष पुर्याउन **स्थानीय राजपत्र र नगर वुलेटिन प्रकाशन** लाई नियमित र व्यवस्थित गर्दै लगिनेछ ।

१९०. सामुदायिक रेडियो प्रसारणको लागि इच्छुक संघ-संस्थासंग सहकार्य गरिनेछ ।

१९१. जनप्रतिनिधि तथा कर्मचारीहरुलाई दैनिक कार्यसम्पादनमा सहजता ल्याउन आवश्यक तालिम तथा अवलोकन भ्रमणको प्रवन्ध गरिनेछ ।

१९२. कार्यालयको कार्यप्रणालीलाई व्यवस्थित गर्न आवश्यक विषयगत कार्यविधि तर्जुमा गरी लागू गरिनेछ ।

१९३. गुरुयोजना बनाउने कार्यमा जनप्रतिनिधिहरूको संयोजकत्वमा समिति बनाई कार्यसूची उपलब्ध गराईनेछ ।

### ख. सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन

१९४. नगरपालिकाका सार्वजनिक जग्गा, सार्बजनिक सम्पति, घर-नक्सा पास, व्यक्तिगत घटना दर्ता, निर्णयहरु लगायत सवै किसिमको अभिलेखहरुको digitize गरी व्यवस्थित गरिनेछ ।

१९५. नगरपालिकामा स्थापना भएको नगर सूचना तथा अभिलेख केन्द्रलाई व्यवस्थित र सुविधा सम्पन्न वनाईनेछ ।

१९६. नगरपालिकाका सूचना, जानकारी तथा गतिविधिहरु नगर सूचना केन्द्रबाट नगरवासीहरुले सहजताका साथ प्राप्त गर्ने व्यवस्था मिलाईनेछ ।

१९७. नगरपालिकाका हरेक काम कारवाही वेबसाइट, इमेल, नेटवर्किंग जस्ता बिद्दुतीय संचार माध्यमको प्रयोग गरी कागज रहित (paperless) बनाईदै लगिनेछ।

१९८. कर्मचारीहरुलाइ सुचना प्रविधि तथा ई-गभर्नेन्स सम्वन्धी तालिमको व्यवस्था गरिनेछ ।

१९९. नगरवासीलाइ सूचना प्रविधिमैत्री बनाउन क्रमश: नगरपालिका कार्यालय परिसर, वडा कार्यालयहरु र महत्वपुर्ण स्थानहरु Wi-Fi Free Zone को लागि intranet को प्रवन्ध मिलाईनेछ ।

**ग. सुरक्षा व्यवस्थापन**

२००. नगर सुरक्षाको लागि कार्यविधि बनाई नगर प्रहरीको व्यवस्था मिलाईनेछ ।

२०१. नेपाल प्रहरीसंगको समन्वय तथा सहकार्यमा नगरको मुख्य चोकहरुमा सिसिटीभी राख्ने व्यवस्था मिलाईनेछ ।

२०२. स्थानीय टोल विकास संस्था समेतको सहभागितामा क्रमशः मुख्य व्यापारिक तथा आवासीय क्षेत्रहरुमा सडक वत्ती जडान गरिनेछ ।

**घ. न्याय सम्पादन**

२०३. न्यायिक समितिको क्षमता अभिवृद्धिको लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

२०४. न्यायिक समितिमा परेका उजुरीहरुलाई सकेसम्म मेलमिलापको माध्यमवाट निरुपण गर्ने नीति लिईनेछ ।

२०५. समितिमा प्राप्त उजुरीलाई यथासम्भव छिटो किनारा लगाईनेछ ।

२०६. न्यायिक समिमिको ईजलास वस्न छुट्टै कक्षको व्यवस्था गरिनेछ ।

## ६. वित्तिय व्यवस्थापन र सुशासन

### क. अन्तिम लेखापरीक्षण तथा वेरुजु

२०७. साविक गाउँ विकास समितिको समय देखिनै रहेका पेश्की वेरूजु रकमहरू नियमित गर्ने कार्यमा विषय विज्ञको समेत राय सल्लाह लिई पुरानो पेश्की तथा वेरुजु फछ्यौट कार्यलाई तिव्रता दिईनेछ ।

२०८. गत आ.व को वेरुजुहरु नियमित गर्नु पर्नेलाई नियमित गरि असुल उपर गर्नुपर्ने खालका वेरुजुहरु सम्वन्धित व्यक्ति तथा संघसंस्थाहरु संग नियमानुसार असुलउपर गराईनेछ ।

२०९. जनप्रतिनिधि तथा कर्मचारीहरुले समयमानै पेश्की तथा वेरुजु फछर्यौट नगरेमा पारिश्रमिक ,तलव भत्ता समेत रोक्का गरि असुल उपर गरिनेछ ।

**ख. लेखाकंन तथा राजस्व परिचालन**

२१०. व्यवस्थित लेखा प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि कार्यालयको सस्थागत क्षमता अभिवृध्दि गर्न पहल गरिनेछ ।

२११. महालेखापरीक्षकको कार्यालवाट निर्मित सुत्रमा आधारित लेखा प्रणालीलाई अवलम्वन गरिनेछ ।

२१२. कर तथा शुल्क दस्तुरको नयाँ क्षेत्र समेत पहिचान गरी करको दायरा फराकिलो वनाईनेछ ।

२१३. संचित कोषमा संकलित राजस्वलाई आवश्यकता तथा औचित्यताको आधारमा पुर्ण मितव्ययीता अपनाई नगरवासीको उच्चतम् हितमा प्रयोग गरिनेछ ।

२१४. राजस्व संकलन तथा करदाताको अभिलेख व्यवस्थित वनाईनेछ ।

२१५. **मैले तिर्ने कर मेरै नगर विकासका लागि** भन्ने आम करदातालाई महशुस हुने गरी सेवा प्रवाह गरिनेछ । करको दायरामा नआएका करदाताहरुलाई करको दायरामा ल्याउन अभियान संचालन गरिनेछ ।

२१६. नगरपालिकाले वैज्ञानिक कर प्रणालीलाई अंगीकार गर्दै सम्पतिकर लागू गरिनेछ।

२१७. करदातालाई करतिर्न प्रोत्साहित गर्न निश्चित समयमा आवश्यक छुट तथा सवैभन्दा वढीकर तिर्ने करदातालाई सम्मान गरिनेछ।

२१८. राजस्व संकलनको लागि करशिक्षा एंव संकलन कार्यक्रम मार्फत करमैत्री वातावरणको व्यवस्था मिलाइनेछ।

२१९. स्थानीय कर आधार संरक्षणगरी करको दर र दायरा विस्तार गर्ने,स्थानीय संरचना अनुकूल कर तथा गैर करका क्षेत्रहरुको पुनरावलोकन गरिनेछ।

२२०. नगरपालिकाले प्रवाह गर्ने सेवासंग करको आवद्धता गर्ने गरी सम्पति कर, वहालकर, व्यावसायकर र विज्ञापन करलाई एकीकृत रुपमा आवद्ध गरिनेछ । करको दायरालाई विस्तार गर्ने नीति अनुरुप आ.व २०७५/७६ लाई **टोखानगर कर अभियान वर्ष**का रुपमा मनाईनेछ ।

**ग . वित्तिय शुसासन तथा जोखिम न्यूनिकरण**

२२१. अनावश्यक खर्च नियन्त्रणमा जोड दिईनेछ ।
२२२. खरिद प्रकृयालाई प्रतिस्पर्धी, पारदर्शी र गुणस्तरीय वनाउदै लगिनेछ ।
२२३. आर्थिक कार्यप्रणालीलाई चुस्त र दुरुस्त वनाई वितिय सुशासन कायम गरिनेछ ।
२२४. लेखा प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी वनाईने छ ।
२२५. आर्थिक क्रियाकलापहरुको मासिक चौमासिक र वार्षिक विवरणहरु सूचनापाटी Website साथै सँचार माध्यमहरुवाट सार्वजनिक गरिनेछ ।
२२६. तपशिल वमोजिमका कोषहरु निर्माण गरि कार्यविधि अनुसार सञ्चालन गरिनेछ ।
- क . समपुरक कोष
- ख . आकस्मिक कोष
- ग . विपद् व्यवस्थापन कोषवातावरण
- घ . मर्मत संम्शार कोष
- ङ . जनशक्ति विकास कोष
- च . स्वास्थ्य उपचार विषेश कोष
- छ . संस्कृति संरक्षण तथा प्रवर्द्धन कोष
- ज . खेलकूद विकास कोष
- झ . कर्मचारी कल्याण कोष
- ञ . महिलावालवालिका तथा सामाजिक सुरक्षा विषेश कोष

२२७. आन्तरिक लेखापरीक्षण शाखाको गठन गरिनेछ ।
२२८. आन्तरिक लेखापरीक्षण कार्यलाई प्रभावकारी रुपमा सम्पादन गराउदै सोको सल्लाह सुझाव अनुसार कार्य सम्पादन गरिनेछ ।
२२९. विश्वसनीय र गुणस्तरिय लेखापरिक्षणको माध्यमवाट वितिय सुशासन कायम हुनुका साथै जोखिम न्यूनिकरण गरिनेछ ।

**घ. सामाजिक परीक्षण**

२३०. स्थलगत लेखापरीक्षण, खर्च सार्वजनिकीकरण निर्देशिकाको प्रावधानलाई पालना गरिनेछ ।
२३१. विषय विज्ञहरु समेतको सेवा लिई आयोजनाहरुको स्थलगत सामाजिक परीक्षण कार्य गरिनेछ ।

**ङ . सार्वजनिक सुनुवाई**

२३२. नियमित रुपमा सार्वजनिक सुनुवाईको आयोजना गर्ने र जनगुनासोको यथाशीघ्र सम्वोधन गरिनेछ ।
२३३. गुनासो अभिलेख, उजुरीपेटीका, सुझाव पेटीका लगायतको व्यवस्थित रुपमा कार्यालयमा व्यवस्थापन गरि सोही आधारमा कार्यसंचालन व्यवस्थापन गरिनेछ ।
२३४. सेवा प्रवाह र कार्यालयको काम कारवाही वारे नगरवासीलाई नियमित रुपमा प्रविधिका माध्यमवाट सुसूचित गरिनेछ ।

## दीर्घकालीन योजना

हाम्रो नगरपालिकालाई एउटा नमूना नगरको रुपमा विकास गर्ने प्रतिवद्धताको यो शुरुवात मात्र हो । यसका लागि हामीले अल्पकालिन , मध्यकालिन र दीर्घकालीन योजनाहरु तर्जुमा गरी सो योजनामा उल्लेखित लक्ष्य हासिल गर्न तदअनुरुपको कार्यक्रमलाई कार्यान्वयन गर्न जरुरीछ । त्यस्ता योजनाहरु आगामी आ.व भित्र तर्जुमा गरिनेछ । यो नीति तथा कार्यक्रमहरु पेश गरिरहँदा केही दीर्घकालका योजना तथा कार्यक्रमहरुको प्राथमिकता सूचिमा परेका छन् ।

१. विष्णुमित तथा साङ्गला खोला करिडोर निर्माण ।
२. नदीका दुवै किनारामा ढल निर्माण तथा प्रशोधनकेन्द्र निर्माण ।
३. प्राविधिक विद्यालयको स्थापना ।
४. शिवपुरी नागार्जुन राष्ट्रिय निकुत्र्जको सिमाना संगै पद मार्ग तथा साईक्लिङ्ग मार्गको निर्माण ।
५. भूतखेल चौर तथा सो क्षेत्रको सामुदायिक वनलाई संरक्षण गरि पर्यटकिय पुर्वाधार विकास ।
६. वौडेश्वरको गुरुयोजना अनुसारको कार्य सम्पन्न ।
७. टोखा केरुङ्ग राजमार्गमा निर्माण हुने सुरुङ्ग मार्ग वडा नं. १ को भूभागमा निर्माण गर्नको लागि संघीय सरकार समक्ष पहल ।
८. मेलम्ची खानेपानीलाई नगरपालिका ईलाकामा वितरण गर्ने व्यवस्था मिलाउन पहल ।
९. विष्णुमति तथा साङ्गले खोलाको संगमस्थल मनोहरतीर्थमा पक्की पुल निर्माण ।

१०. वसुन्धरा चोक देखि वसपार्क सम्म रिङ्गरोडको ढल व्यवस्थापन ।
११. नगरभित्रका ऐतिहासिक धरोहरहरुको पुननिर्माण तथा जिर्णोद्धार ।
१२. सास्कृतिक पहिचानलाई जिवन्त राख्न विषेश कार्यविधि तर्जुमा तथा कार्यान्वयन ।
१३. उचित स्थानमा कार्यालय भवन निर्माण ।
१४. नगरभित्र नगर रिगंरोड निर्माण गरि नगरवस सेवा संचालन ।
१५. नगरलाई देश तथा विदेशमा चिनाउन अन्तरनगर भगिनी सम्वन्ध स्थापना ।
१६. नगरभित्रका सवै सार्वजनिक सम्पतिहरुको अभिलेखन गरि संरक्षण ।
१७. गोगंवु तथा धापासीमा वृहत खानेपानी आयोजना निर्माण ।
१८. सडक मापदण्ड निर्धारण तथा कार्यान्वियन ।
१९.स्मार्ट सिटीका आधारभूत पुर्वाधार तयार ।
२०. एक वडा एक पार्क निमार्ण ।
२१. अन्तरास्ट्रियस्तरको रंगशाला निर्माण ।
२२. औद्यौगिक प्रद्रशानी स्थल निर्माण ।
२३. सम्मेलन केन्द्र , एकेडेमी तथा कार्यक्रम संचालन हल निमार्ण ।
२४. ल्याण्डफिल साइट निर्माण ।
२५. Overhead Crossing Bridge निर्माण ।
२६. गुरुयोजना निर्माण :

१. खानेपानी
२. ढल
३. सडक
४. पार्क
५. पर्यटन पूर्वाधार
६. पुरातात्विक तथा धार्मिक सम्पदा

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रमको पूर्ण विवरण सवैले अध्ययन गर्ने गरी अविलम्व यस नगरपालिकाको वेवपेजमा अपलोड गरिनेछ । साथै नीति तथा कार्यक्रमको पूर्ण विवरण, नगरविकास योजना तर्जुमाका प्रस्तुत आधार तथा लिईएको नीतिहरुको विस्तारित खाका समेटिएको वार्षिक नगर विकास योजना पुस्तक यथाशिघ्र यहाँहरु समक्ष उपलव्ध गराईने व्यहोरा अनुरोध गर्दछु ।
आदरणीय नगरवासी दाजुभाई तथा दिदीवहिनीहरु, यस नगरले अव गुनासो गर्ने होईन उज्वल भविश्य देख्ने र उत्साहका साथ अगाडी वढ्ने समय आएको छ । हामी जुनसुकै राजनैतिक आस्थाको भएपनि नगरको विकास र यहाँको सवृद्धिको हकमा यो नगरसभामा कोही पक्ष र प्रतिपक्ष छैन । आजको यस नगरसभावाट टोखा नगरलाई हामी उपत्यकाकै उदाहरणीय नगर वनाई छाड्ने साझा संकल्प गरौ । यस अवसरलाई सदुपयोग गर्दै सम्पूर्ण नगरवासीहरुलाई स्वच्छ, निष्पक्ष, न्यायपुर्ण र प्रतिवद्ध नेतृत्व प्रदान गरौं । साथै टोखा नगरपालिकाले अघि सारेका प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउन नेपाल सरकार, प्रदेश सरकार, गैह्रसरकारी क्षेत्र, नीजि क्षेत्र, नगरका कर्मचारीहरु र तमाम नगरवासीहरुमा हार्दिक अपिल गर्दछु ।

धन्यवाद ।

(प्रकाश अधिकारी)
प्रमुख

१० आषाढ २०७५